
# परिवर्तनात्मक समयका कानूनी चरणहरु



APTN
Asia Pacific Transgender Network

"APTN तथ्यांक पानाहरू : एसिया र प्रसान्तमा ट्रान्स हुँदा" को प्रमुख लेखक र परामर्शदाता Jack Byrne, र चित्रकार तथा डिजाइनर Sam Orchard प्रति एसिया प्रसान्त ट्रान्स जेन्डर संजाल आभारी छ।

व्यक्तिगत पुनरावलोकनकर्ताहरू: Alexa Knowles, Alexander Tay, Cianān Russell, Gee Semmalar, Gillio Baxter, Hua Boonyapisomparn, Kasper Wan, Manisha Dhakal, Pipi Seaklay, Pritz Rianzi, Regiel Arcon र Vince Go हरूको अमुल्य सुझावहरू प्रति पनि APTN र Jack Byrne आभारी छन् ।

साथै, Joe Wong, Kevin Halim र Natt Kraipet (APTN), Zhan Chaim (ILGA), Brianna Harrison (UNAIDS Regional Support Team, Bangkok), Dr Asa Radix (Callen-Lorde Community Health Center, New York City) र Darrin Adams बाट प्राविधिक ज्ञान प्राप्त भएको थियो ।

यो दस्ताबेजको विकासमा प्रबन्ध र समन्वय Joe Wong ले गरेका हुन् ।

यो दस्ताबेजको विकासमा Robert Carr civil society Network Fund (RCNF) र UNAIDS Regional Support Team को सहयोग छ ।

# परिवर्तनात्मक समयका कानूनी चरणहरु

**तपाईको स्वरुप वा लैंगिक अभिव्यक्ति परिवर्तन गर्ने**
एसिया प्रसान्त ट्रान्सजेन्डर संजालबाट २०१६ मा पहिलो पटक प्रकाशित
लेखक: Jack Byrne
चित्रकार र डिजाइनर: Sam Orchard

थप जानकारीको लागी, कृपया यहाँ सम्पर्क गर्नुहोस्:
एसिया प्रसान्त ट्रान्सजेन्डर संजाल
इमेल: hello@weareaptn.org
वेबसाइट: www.weareaptn.org
51, Soi Sukhumvit 26, Klong Tan, Klong Toei, Bangkok 10110

APTN
Asia Pacific Transgender Network

# परिवर्तनात्मक समयका कानूनी चरणहरु

तपाईंले आफ्नो नाम वा लिंग औपचारिक दस्तावेजहरूमा कानूनी रूपमा परिवर्तन गर्न सक्नु हुन्छ वा हुँदैन भन्ने कुरा तपाईंको देशका कानूनहरू, नीतिहरू, नियमावलीहरू र ट्रान्स व्यक्तिहरूले अदालतमा लगेका पूर्व मुद्दाहरूमा निर्भर हुन्छ । यो श्रोतले कानूनी परामर्श दिंदैन । यद्यपि, यसले अरू ट्रान्स व्यक्तिहरू वा सामुदायिक कानून व्यवसायीलाई तपाईंले सोध्न सक्ने प्रश्नहरूका बारे सूचना दिन्छ ।

**यदि मैले मेरो कानूनी दस्तावेजहरुमा आफ्नो नाम परिवर्तन गरेको छैन भने के मैले फरक नाम वा उपनाम प्रयोग गर्न सक्छु ?**

**के मैले कानूनी रुपमा आफ्नो नाम परिवर्तन गर्न सक्छु ?**

**आफ्नो कानूनी नाम कहिले प्रयोग गर्दा फरक पर्छ ?**

**के परिचय पत्रहरुमा सधैं लिंग उल्लेख गरिएको हुन्छ ?**

**मैले मेरो कानूनी लिंग परिवर्तन गर्न सक्छु वा सक्दिन भन्ने कुरा कसरी पत्ता लगाउने ?**

**आवश्यक कानूनी चरणहरु बिना मैले मेरो विवरण परिवर्तन गरे के हुन्छ ?**

**यदि कानून छैन भने मैले के गर्न सक्छु ?**




## परिचय

परिवर्तनात्मक समय पार गरेका धेरै ट्रान्स व्यक्तिहरूले आफ्नो लैंगिक पहिचानसंग मिल्ने गरी औपचारिक दस्तावेजहरूमा आफ्नो नाम, लिंग र/वा लैंगिकता परिवर्तन गर्न सक्ने होस् भन्ने चाहन्छन् । यी विवरण समेत फोटो सहितको परिचयले तपाईं को हो भनेर पुष्टि गर्छ र यसले पूर्वाग्रह र भेदभाव हटाउन मद्दत गर्न सक्छ । त्यस लिंग वा लैंगिक पहिचान भएका अरू व्यक्तिहरूको जस्तै अधिकारमा पहुँच तपाईंको पनि छ भनेर यसले सुनिश्चित पनि गर्न सक्छ ।

यदि तपाईंले हार्मोनहरू वा अन्य चिकित्सकीय चरणहरू लिएर आफ्नो देखिने रूप परिवर्तन गर्नुभएको छ भने तपाईंको नयाँ स्वरूपसंग नमिल्ने नाम, लिंग वा फोटो सहितको पूरानो परिचय पत्रको प्रयोग गर्न निकै गाह्रो हुनसक्छ ।



यदि तपाई आफ्नो औपचारिक दस्तावेजहरूमा नाम, लिंग वा लैंगिकता परिवर्तन गर्न चाहनुहुन्छ भने, पहिलो चरण भनेको तपाईंको देशमा यस्तो गर्न मिल्छ वा मिल्दैन भनेर पत्ता लगाउनु हो । तपाईंले यस्ता विवरणहरू परिवर्तन गर्न स्थानीय ट्रान्स संस्था वा APTN लाई सम्पर्क गरी आफ्नो देशको केही कानून, नीति वा अदालतको फैसला बारे उनीहरूलाई थाहा छ कि भनेर सोध्न सक्नु हुन्छ । यो सम्भव भएतापनि प्रक्रिया भने निकै समय लाग्ने र महँगो हुनसक्छ । प्रत्येक दस्तावेज वा औपचारिक रेकर्डको विवरण परिवर्तन गर्न छुट्टाछुट्टै निवेदनहरू दिनुपर्ने हुनसक्छ । नियमहरू र प्रक्रिया दस्तावेज अनुसार र दस्तावेज प्रदान गर्ने संस्था अनुसार फरक फरक हुनसक्छ ।

जून २०१५ मा लेखिएको ब्लुप्रिन्ट (Blueprint) को खण्ड ३.५ले एसियाको केही भागहरूको त्यस बेलाको कानूनी अवस्था वर्णन गर्छ । त्यस समयमा प्रसान्त क्षेत्रको कुनै पनि टापू देशहरूमा ट्रान्स व्यक्तिहरूले उनीहरूको कानूनी लिंग परिवर्तन गर्न सक्दैन थिए ।

1 APTN is a partner in a legal gender recognition project that the United Nations Development Programme is conducting as part of the Being LGBTI in Asia programme. This will provide more detailed information about laws, policies and court decisions in 9 countries in Asia. The country reports and a regional report are due to be completed by the end of 2016.

## यदि मैले मेरो कानूनी दस्ताबेजहरुमा आफ्नो नाम परिवर्तन गरेको छैन भने के मैले फरक नाम वा उपनामको प्रयोग गर्न सक्छु ?




हो । अभिव्यक्तिको स्वतन्त्रतामा आफ्नो लैंगिक पहिचानसंग मिल्ने आफ्नो लागि नाम वा सर्वनामको छनौट गर्न पाइन्छ । जब अरू व्यक्तिहरूले त्यो नाम वा सर्वनाम प्रयोग गर्छन् तब त्यसले तपाईंको पहिचानको मर्मलाई समर्थन गर्छ । उदाहरणको लागि, कानूनी दस्ताबेजहरूमा उसको लिंग पुरूष भनेर लेखिएको भएता पनि एक ट्रान्स महिलाले आफुलाई महिला भनेर संबोधन गर्न भन्न सक्छ ।

> **"नाममा के छ ? ... तपाईं आफ्नो सोसल मिडियामा यो नाम राख्नुहोस् र आफ्नो सबै साथीहरुलाई भन्नुहोस् । तपाईंलाई अरुले पनि यही विशेष नाम लिएर बोलाउँदा कति राम्रो महसुस हुन्छ । यो नामले तपाईंको परिवर्तनात्मक समयको यो घडीमा पुग्ने साहसलाई व्यक्तित्व प्रदान गर्छ"।**

तपाईंलाई लामो समयसम्म चिनेका व्यक्तिहरूलाई भने तपाईंको नयाँ नाम प्रयोग गर्ने बानी बस्न गाह्रो महसुस हुनसक्छ । तपाईंलाई यो नाम प्रयोग गर्न किन महत्त्वपूर्ण छ भनेर तपाईंले उनीहरूलाई भन्नु भयो भने सहयोग हुनसक्छ ।

## के मैले कानूनी रुपमा आफ्नो नाम परिवर्तन गर्न सक्छु ?




सोचेको नाम वा उपनाम लिएर, कसैले पनि आफ्नो नाम सजिलै परिवर्तन गर्न एसिया र प्रसान्त क्षेत्रका केही देशहरूले अनुमति दिन्छ । विशेष गरी साझा कानूनको परम्परा (Common Law Tradition) भएका देशहरूमा यो पाइन्छ । कानूनी लैंगिक मान्यता नभएको भएतापनि, यी देशका ट्रान्स व्यक्तिहरूले आफ्नो लैंगिक पहिचानसंग मिल्ने नाम परिवर्तन गर्न सजिलो महसुस गर्न सक्छन् ।

यसको विपरितमा, सिभिल कानूनको परम्परा (Civil Law Tradition) भएको, ताइवान जस्तो, देशहरूमा कसैले किन र कसरी आफ्नो नाम परिवर्तन गर्ने भन्ने कडा नियमहरू हुन्छन् ।

2 Countries that were British colonies at some point follow the English common law system. These include Singapore, Malaysia, India, Pakistan and many Pacific countries. For example, Niue, Fiji, and Tonga all allow someone to legally change their name.

3 The civil law tradition developed in Europe and was used by the Spanish and Portuguese in their colonies, and later adopted by other countries. For example, Japan, South Korea and China can be said to be civil law countries. Other countries have a mix of common and civil law (the Philippines) or may have a mixture of common/civil law and religious law (Malaysia, Indonesia, Brunei).

## आफ्नो कानूनी नाम कहिले प्रयोग गर्दा फरक पर्छ ?

आफ्नो दैनिक जीवनमा कानूनी रूपमा आफ्नो नाम परिवर्तन नगरी फरक नामको पनि प्रयोग गर्न सकिन्छ । यद्यपि, कानूनी अवस्थामा, जस्तै कनट्र्याक्टमा हस्ताक्षर गर्ने बेलामा वा औपचारिक दस्ताबेजहरू जस्तै राहदानीको आवेदनमा, तपाईंलाई तपाईंको कानूनी नाम प्रयोग गर्नु पर्ने हुनसक्छ ।




तपाईंले तपाईंको देशको कानूनहरू र नियमहरू हेर्नु पर्ने हुन्छ । केही देशहरूमा, एक पटक तपाईंले नाम मानिलिनु भयो भने यसलाई कानूनी दस्ताबेजहरूमा पनि प्रयोग गर्न सकिन्छ । अन्य अवस्थाहरूमा, तपाईंले आफ्नो जन्म दर्ता प्रमाणपत्र वा अन्य औपचारिक परिचय पत्रहरूमा भएको नाम प्रयोग गर्नु पर्ने हुनसक्छ । यो कानून सबैलाई लागू हुन्छ तर यसले ट्रान्स व्यक्तिहरूको दैनिक जीवनमा भने धेरै ठूलो असर पार्छ ।

## के परिचय पत्रहरूमा सधैं लिंग उल्लेख गरिएको हुन्छ ?



केही देशहरूका फोटो परिचय पत्रहरूमा व्यक्तिको लिंग उल्लेख भएको हुँदैन । यस्तो अवस्थामा यदि तपाईंको नाम र फोटो परिवर्तन गर्न सकिन्छ भने, त्यस किसिमको परिचय पत्रबाट तपाईंको लैंगिक पहिचान पुष्टि गर्न उपयोगी हुनसक्छ ।

अन्य देशहरूमा, कुनै पनि किसिमको परिचय पत्रले व्यक्ति जन्मदा उसलाई दिइएको लिंग खुलाउँछ । त्यस्ता परिचय पत्रमा तपाईंको वास्तविक नाम वा लिंग समावेश भएको हुनसक्छ वा तपाईंको लिंग खुलाउने नाम वा अंक भएको हुनसक्छ ।

## मैले मेरो कानूनी लिंग परिवर्तन गर्न सक्छु वा सक्दिन भन्ने कुरा कसरी पत्ता लगाउने ?

एसिया र प्रसान्त क्षेत्रका धेरै देशहरूमा कुनै पनि परिचय पत्र दस्तावेजमा लिंग विवरणहरू परिवर्तन गर्न मिल्दैन । उदहारणको लागि, डिसेम्बर २०१५ मा यो श्रोत लेखिंदै गर्दा, थाईल्याण्ड, फिलीपिन्स र मलेसियामा लिंग परिवर्तन गर्न सम्भव थिएन ।

यस क्षेत्रका अन्य भागहरूमा, आफ्नो कानूनी लिंग परिवर्तन गर्दा ट्रान्स व्यक्तिहरूले कडा कदमहरू चाल्नु पर्छ । यसमा प्राय लैंगिकता पुष्टि गर्ने वा लिंग पुनः निर्धारण गर्ने शल्यक्रियाहरू गर्नुपर्ने हुन्छ । उदाहरणको लागि जनवरी २०१७ मा कानूनी मान्यता पाए पछि भियतनाममा यस्तो शल्यक्रिया गर्नु पर्ने प्रस्ताव गरिएको थियो ।



सम्भव भए सम्म, आफु बस्ने ठाउँको कानून वा नीतिहरूको ठिक शब्दहरू पत्ता लगाउनुहोस् । उदाहरणको लागि, के ट्रान्स व्यक्तिहरूले पुरूष, महिला वा तेश्रो लिंगी (third gender) को विकल्प छनौट गर्न सक्छन् ? अन्य ट्रान्स व्यक्तिहरू वा संस्थाहरूसंग वा सम्भवतः LGBT वा मानव अधिकार समुह वा तपाईंको देशको निशुल्क कानूनी सहायता केन्द्रसंग यो सूचना हुनसक्छ । ब्लुप्रिन्ट (Blueprint) को खण्ड ३.५ मा यस क्षेत्रको कानूनी रूपमा लैंगिकतालाई मान्यता दिने कानूनहरूको केही विवरण दिइएको छ ।

तपाईंको देशको कानूनहरू र नीतिहरूले के भन्छ भनेर थाहा पाउँदा, आवश्यक कदमहरू लिन तपाई सक्षम र तयार हुनुहुन्छ कि हुनुहुन्न भन्ने बारे निर्णय गर्न तपाईंलाई सहयोग हुन्छ । न्यायाधीशहरूले अन्य मुद्दाहरूमा भनेका कुराहरूको आधारमा सायद नीतिहरू लागू गर्न वा कानून व्याख्या गर्न केही लचकता हुनसक्छ । उदाहरणको लागि, "लिंग पुनः निर्धारण गर्ने शल्यक्रिया" आवश्यक हुने देशहरूमा, स्वास्थकर्मीहरूले तपाईंको लागि केही, तर सबै होइन, सम्भावित शल्यक्रियाहरू गर्न समर्थन गर्ने चिठी लेख्न सक्छन् । यदि तपाईंको शल्यक्रिया अर्कै देशमा गरिएको हो भने, शल्यक्रिया गर्ने चिकित्सकलाई तपाईंको लागि, आफ्नो देशमा प्रयोग गर्न मिल्ने, सहयोग गर्ने चिठी लेखिदिन भन्न सक्नुहुन्छ ।

## आवश्यक कानूनी चरणहरू बिना मैले मेरो विवरण परिवर्तन गरे के हुन्छ ?

धेरै ट्रान्स व्यक्तिहरूको लागि परिवर्तनात्मक समयमा, केही हद सम्म, नयाँ पहिचान बनाउने कुरा समावेश गरेको हुन्छ । तपाईंले कानूनी रूपमा आफ्नो नाम वा लिंग परिवर्तन नगर्दा के गर्न सक्नु हुन्छ भन्ने कुराको निर्धारण तपाईं बस्ने ठाउँको आधारमा फरक पर्छ । यदि तपाईंको देशमा समानतामा आधारित विवाहको कानून छैन भने, कानूनी रूपमा विपरित लिंग नभएको व्यक्तिसंग विवाह गर्न ट्रान्स व्यक्तिहरूलाई जोखिमपूर्ण हुनसक्छ ।

कानूनी तरिकाबाट आफ्नो पहिचयानात्मक दस्तावेजहरू परिवर्तन गर्ने वा नक्कली दस्तावेजहरू किन्न ट्रान्स व्यक्तिहरूको लागि लोभ लाग्दो हुनसक्छ । यद्यपि, यो गैर कानूनी कुरा हो र यसले गम्भीर प्रभाव पार्न सक्छ । केही देशहरूमा, कानून अनुसार शल्यक्रिया गरी आफ्नो औपचारिक दस्तावेजहरूको विवरण परिवर्तन गर्नु पर्नेमा त्यसो नगरी परिवर्तन गरेकोले गर्दा ट्रान्स व्यक्तिहरूलाई दोषी ठहराइएको छ । जस्तै, ब्लुप्रिन्ट (Blueprint) को खण्ड ३.५.३ ले, अर्धनारी इन्स्टिच्युट (Ardhanary Institute)ले २०११ देखि इन्डोनेसियामा यस्तो भइरहेको ११ वटा मुद्दाहरू अभिलेखीकरण कसरी गरिरहेको छ भनेर वर्णन गर्छ ।

## यदि कानून छैन भने मैले के गर्न सक्छु ?

कहिलेकाहिँ, कुनै देशमा यदि कानून वा नीति नहुँदा, यसले व्यक्तिगत अधिकारीहरू वा न्यायाधीशहरूले निर्णय लिने केही विवेक छ भन्ने अर्थ लगाउँछ । यद्यपि, यसको मतलव संसदले निर्णय गर्नु पर्छ भनेर अदालत वा सरकारी नियकहरूले हस्तक्षेप नगर्न सक्छन् । विश्वका धेरै ठाउँहरूमा ट्रान्स व्यक्तिहरूले औपचारिक दस्ताबेजहरूमा आफ्नो नाम र लिंग परिवर्तन गर्न सजिलो हुने कानून ल्याउन अभियान गरिरहेका छन् । यस्ता अभियानहरू तब सफल हुन्छ जब सर्वसाधारण जनताले कानूनी लैंगिक पहिचान बिना आफ्नो जीवन अघि बढाउन मानिसहरूलाई कति गाह्रो हुन्छ भनेर बुझ्दछन् । राम्रो लैंगिक पहिचान दिने कानून प्राप्त गर्ने भनेको APTN को प्राथमिकताहरू मध्ये एक हो । यदि तपाई यस परियोजनामा रूची राख्नु हुन्छ भने, hello@weareaptn.org मा सम्पर्क गर्नुहोस् ।

केही देशहरूमा लैंगिक मान्यता दिने कानून वा नीति नहुनसक्छ, किनभने उनीहरूले ट्रान्स व्यक्तिहरूको अधिकारमा विश्वास गर्दैनन् । वा, कानून भएता पनि, त्यसले केही समुहहरूलाई बहिष्कार गर्छन् । उदाहरणको लागि, २० वर्ष मुनिका विवाहित व्यक्तिहरू वा बालबच्चा भएका व्यक्तिहरूले कानूनी रूपमा उनीहरूको लिंग परिवर्तन गर्न सक्दैनन् भनेर यस क्षेत्रका धेरै देशहरूले भन्छन् । कहिलेकाहिँ तपाईको सरकारले संयुक्त राष्ट्र संघमा आफ्नो देशको मानव अधिकारहरूका अभिलेखको प्रतिवेदन बुझाउने बेला यी मुद्दाहरू उठाउँदा सहयोग हुनसक्छ। International LGBTI Association र Out Right Action International जस्ता समुहहरूले एसिया र प्रसान्त क्षेत्रमा संयुक्त राष्ट्र संघको प्रक्रियामा निवेदन दिन ट्रान्स समुहहरूलाई सहयोग गर्ने गरेका छन् ।



आफ्नो कानूनी पहिचानको मान्यता हुन्छ भनेर ट्रान्स व्यक्तिहरूले अदालतमा मुद्दाहरू लगेका छन् । भारत, नेपाल, र पाकिस्तान सबैका सर्वच्च अदालतहरूले तेश्रो लिंगी (third gender) लाई कानूनी रूपमा मान्यता दिइसकेको छ, र भारतमा ट्रान्स महिला र ट्रान्स पुरूष भनेर पनि यसमा समावेश गरिएको छ ।

अन्य देशहरूमा, ट्रान्स व्यक्तिहरू अदालती मुद्दाहरूमा सफल भएका छैनन् । क्षेत्रीय अदालतमा गएर आफ्नो लैंगिक पहिचान लिन पाउने ट्रान्स व्यक्तिहरूले पहिलेदेखि नै पाएको अधिकार सन् २००७ मा फिलीपिन्सको सर्वच्च अदालतले हटाईदिएको थियो । अदालती मुद्दा जब एउटा कानूनमा असफल हुन्छ, तब केही ट्रान्स व्यक्तिहरूले फरक कानूनमा आफ्नो मुद्दा लान मिल्छ कि भनेर हेर्ने गर्छन् । उदाहरणको लागि, फिलीपिन्सको मानव अधिकार आयोगले ट्रान्स महिलाहरूले आफ्नो जन्म दर्ताहरूमा उनीहरूको लिंग परिवर्तन गर्न सक्छन् कि सक्दैनन् भनेर स्पष्ट गर्न महिलाहरूको समानताको कानून अन्तर्गत मुद्दालाई सहयोग गर्न सक्छ भनेर भनेको थियो ।



4 http://ilga.org/

5 https://www.outrightinternational.org/. In 2015, OutRight Action International changed its name from the International Gay and Lesbian Human Rights Commission.

6 Silverio v. Philippines. Supreme Court of the Philippines, First Division (22 October 2007) http://www.icj.org/sogicase-book/silverio-v-philippines-first-division-of-the-philippines-supreme-court-22-october-2007/

**ट्रान्स व्यक्तिहरु, उनीहरुको परिवारहरु, साथीहरु र सहकर्मीहरुको लागी यी श्रोतहरु एसिया प्रसान्त ट्रान्सजेन्डर संजाल** (Asia Pacific Transgender Network APTN) **ले बनाएको हो ।**

**एसिया र प्रसान्त क्षेत्रका ट्रान्स व्यक्तिहरुका लागी उपलब्ध सूचनाहरुमा धेरै रिक्तताहरु छन् । आफ्नो देशमा सबै भन्दा धेरै सोधिने प्रश्नहरुको बारे** APTN **ले आफ्नो सदस्यहरुसंग सोधेको थियो । ती विषयहरु निम्न ७ श्रोतहरुमा संलग्न गरिएका छन् :**

१. मलाई लाग्छ म ट्रान्स हुनसक्छु
२. तपाईं ट्रान्स हो भनेर अरूलाई भन्ने
३. आफ्नो स्वरूप वा लैंगिक अभिव्यक्ति परिवर्तन गर्ने
४. परिवर्तनात्मक समयको कानूनी चरणहरू
५. ट्रान्स व्यक्तिहरूको लागि अन्य कानूनी चरणहरू
६. परिवर्तनात्मक समयको चिकित्सकीय चरणहरू
७. सुरक्षित र बलियो राख्ने

प्रत्येक श्रोतहरूको अन्त्यमा APTN र प्रसान्तीय यौनिक विविधता संजालको सम्पर्क विवरणहरू छन् । यदि तपाईंलाई सम्पर्क विवरणहरू वा आफ्नो देश संबन्धि अझ बढी सूचनाको आवश्यकता भएमा उनीहरूलाई इमेल गर्नुहोस् ।

**एसिया प्रसान्त ट्रान्सजेन्डर संजाल**
इमेल: hello@weareaptn.org
वेबसाइट: www.weareaptn.org

यी तथ्यांक पानाहरूमा अक्टोबर २०१५ मा प्रकाशित एसिया र प्रसान्त ट्रान्स स्वास्थ ब्लुप्रिन्ट (Asia and Pacific Trans HeatLh Blueprint) का खण्डहरू समेत अन्य श्रोतहरूका लिंकहरू छन् । यसमा प्रसान्त क्षेत्र र एसियाका धेरै देशहरूका सूचना र उदाहरणहरू समावेश छन् । APTN को उद्येश्य भनेको कम्तीमा यी श्रोतहरूको केही भागहरू स्थानीय भाषामा अनुबाद गर्न कोष जुटाउनु हो ।



APTN
Asia Pacific Transgender Network

Nepali translation by :
**Blue Diamond Society, Nepal**

Supported by:

Asia Pacific Transgender Network